# तानसेन नगरकार्यपालिकाको कार्यालयको
# कर तथा शुल्क संकलन सम्बन्धि
# वोलपत्र आव्हानको सुचना

**प्रथम पटक प्रकाशित मिति: २०८२।०३।१९**

तानसेन नगरपालिकाको आन्तरिक आय तथा (ठेक्का बन्दोबस्त) सम्बन्धी कार्यविधि २०८२ को परिच्छेद २ को दफा ३ र ४ बमोजिम तानसेन नगरपालिका क्षेत्रभित्र तोकिएको स्थानमा तोकिएको दररेटमा पार्किङ्ग शुल्क संकलन, तानसेन नगरपालिका क्षेत्र भित्रबाट निकासी हुने जडीबूटी, कवाडी, जीवजन्तुको तोकिएको दररेटमा शुल्क तथा कर संकलन र तानसेन नगरपालिका क्षेत्र भित्र विज्ञापनक कर संकलन गर्नको लागि ३० दिनको म्याद राखी यो वोलपत्र आव्हानको सुचना प्रकाशित गरिएको छ । योग्य, ईच्छुक संस्था/फर्म/कम्पनीले निर्धारित समय भित्र रित पूर्वक बोलपत्र पेश गर्नु हुन अनुरोध गरीन्छ ।

१. वोलपत्र खरिद गर्न चाहने फर्म/कम्पनीहरुले यस कार्यालयको नाममा रा.बा.बैंक पाल्पा शाखामा रहेको आन्तरिक राजश्व खाता नं. ३०३०१००३०१०१०००४ मो तोकिएको रकम जम्मा गरी नेपाल सरकारको सार्वजनिक खरिद अनुगमन कार्यालयको website: www.bolpatra.gov.np बाट बोलपत्र फाराम download गर्नु पर्नेछ ।

२. वोलपत्रफारम download गर्ने मिति : सुचना प्रकाशित भएको मितिले ३०औं दिनको कार्यालय समय भित्र ।

३. वोलपत्रदाखिल गर्ने मिति : आ.व. २०८१/०८२ सम्मका लागि नवीकरण भएको संस्था/फर्म/कम्पनीको ईजाजतपत्र, स्थायी लेखा नम्बर/मूल्य अभिवृद्धिकर दर्ता प्रमाण पत्र, २०८०/०८१ सम्मको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी साथै download भएको वोलपत्र साथ संलग्न गरी सुचना प्रकाशन भएको मितिले ३१औं दिनको १२ बजे सम्म । उक्त दिन सार्वजनिक बिदा परेमा सोको भोली पल्ट सोही समय भित्र रितपुर्वक पेश गर्नु पर्नेछ ।

४. वोलपत्रखोल्ने समय : सूचना प्रकाशित भएको मितिले ३१औं दिनको २ वजे वोलपत्रदाता र कार्यालय प्रतिनिधिको रोहवरमा खोलिने छ । वोलपत्रदाता उपस्थित नभएमा पनि वोलपत्रखोल्न बाधा पर्ने छैन ।

५. प्राप्त सिलवन्दी वोलपत्रस्वीकृत गर्ने/नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ

६. वोलपत्र स्वीकृत भएमा पट्टा लिनु अगावै ठेक/कवोल अकंको ५०% रकम अग्रीम बुझाउनु पर्नेछ र बाकी ५०% रकमको लागि नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त वाणिज्य बैंकको कम्तिमा ९० दिनसम्म म्याद भएको बैंक ग्यारेण्टी पेश गर्नुपर्ने छ । कबोल अंक रकम अग्रिम एकमूष्ट बुझाएमा न्यूनतम् अंकमा नघट्ने गरी कबोल अंकको ५ प्रतिशत छुट दिन सकिने छ ।

७. वोलपत्र स्विकृत भै सम्झौता भए पश्चात चलन चल्ती गर्ने जिम्मा वोलपत्रदाताको हुनेछ ।

८. तोकिएको दर तानसेन नगरपालिकाको आर्थिक ऐन, २०८२ बमोजिम हुनेछ ।

९. ठेक्का स्वीकृत भै भोगचलन गरेपछि कुनै किसिमको मिनाहा छुट दिइने छैन ।

१०. ठेक्का अवधि कार्यदिश पाएको मिति देखि २०८३ साल असार मसान्तसम्मको लागि मात्र हुने छ ।

११. ठेक्का स्वीकृत भएका ठेकेदारले ठेक्का संझौता गर्नु अगावै पेश गर्नु पर्ने बैंक जमानत वा अन्य कागजातहरु तोकिएको समय भित्र पेश नगरेमा निजको नामको ठेक्का तोडी क्रमश: दोश्रो, तेश्रो क्रमका वोलपत्रदातालाई ठेक्का सम्झौता गराईनेछ ।

१२. वोलपत्र दाखिला गर्दा कवोल गरेको अंकको ५% ले हुन आउने रकम धरौटी वापत रा.बा.बैंक पाल्पा शाखामा रहेको धरौटी खाता न. ३०३०१००३०३००००४ मा जम्मा गरेको सक्कलै बैंक भौचर पेश गर्नु पर्ने छ ।

१३. विस्तृत जानकारीको लागि कार्यालय समय भित्र तानसेन नगरकार्यपालिका कार्यालयमा सम्पर्क राख्न सकिने छ ।

<u>वोलपत्र विवरण</u>

| ठेक्का नं. | कामको विवरण | न्युनतम ठेक अंक | वोलपत्रदस्दूर | कैफियत |
|---|---|---|---|---|
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| | | बार्षिक रु. मु.अ. कर बाहेक | | |
| ER/ 01/082/083 | तोकिएको स्थानमा पार्किङ्ग शुल्क संकलन | रु. ७,००,०००। | रु. १०००।०० | वोलपत्र |
| ER/ 02/082/083 | जडिबुटी कवाडी जीवजन्तुकर संकलन | रु. ५,००,०००। | रु. १०००।०० | वोलपत्र |
| ER/ 03/082/083 | विज्ञापन कर संकलन | रु. ५,८०,०००। | रु. १०००।०० | वोलपत्र |

.......................................

तानसेन नगरकार्यपालिकाको कार्यालय